नेपाल सरकार

शिक्षक सेवा आयोग

**माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**(प्रकाशित मिति २०८२/१०/०३ गते)**

सामुदायिक विद्यालयको माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहायबमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://online.tsc.gov.np/ बाट अनलाइन दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशन गरिएको छ :

विषय:(०१) नेपाली

| क्र.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन नं. | | | | | | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | खुला | महिला | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | |
| | | ३०१०१/ ८२/८३ | ३०२०१/ ८२/८३ | ३०५०१/ ८२/८३ | ३०६०१/ ८२/८३ | ३०७०१/ ८२/८३ | ३०८०१/ ८२/८३ | |
| १ | कोशी | १२ | ३ | ३ | २ | १ | १ | २२ |
| २ | मधेश | २ | १ | | | | | ३ |
| ३ | बागमती | ६ | २ | १ | १+१*= २ | १ | | १२ |
| ४ | गण्डकी | १५ | ४ | ३ | ३ | १ | १ | २७ |
| ५ | लुम्बिनी | २ | १ | १ | | | | ४ |
| ६ | कर्णाली | २ | १ | | | | | ३ |
| ७ | सुदूरपश्चिम | २ | १ | | | | | ३ |
| जम्मा | | ४१ | १३ | | ७ | ३ | २ | ७४ |

विषय:(०२) अङ्ग्रेजी

| क्र.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन नं. | | | | | | | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खुला | महिला | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | |
| | | ३०१०२/ ८२/८३ | ३०२०२/ ८२/८३ | ३०५०२/ ८२/८३ | ३०६०२/ ८२/८३ | ३०७०२/ ८२/८३ | ३०८०२/ ८२/८३ | ३०९०२/ ८२/८३ | |
| १ | कोशी | १७ | ४ | ३ | ३ | १ | १ | १ | ३० |
| २ | मधेश | ४ | १ | १ | १ | १ | | | ८ |
| ३ | बागमती | ७ | २ | १ | १ | १ | | | १२ |
| ४ | गण्डकी | ११ | ३ | २ | २ | १ | १ | | २० |
| ५ | लुम्बिनी | ७ | २ | २ | १ | १ | | | १३ |
| ६ | कर्णाली | ५ | १ | १ | १ | १ | | | ९ |
| ७ | सुदूरपश्चिम | २ | १ | १ | | | | | ४ |
| जम्मा | | ५३ | १४ | ११ | ९ | ६ | २ | १ | ९६ |



उपसचिव

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

| विषय:(०३) गणित | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | किसिम/समावेशी समूह र विज्ञापन नं. | | | | | | | |
| क्र.स. | प्रदेश | खुला | महिला | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
| | | ३०१०३/ ८२/८३ | ३०२०३/ ८२/८३ | ३०५०३/ ८२/८३ | ३०६०३/ ८२/८३ | ३०७०३/ ८२/८३ | ३०८०३/ ८२/८३ | ३०९०३/ ८२/८३ | |
| १ | कोशी | ९+२*= ११ | ३+२*=५ | २ | २ | १ | १* | | २२ |
| २ | मधेश | ३ | १+१*=२ | १ | | | | | ६ |
| ३ | वागमती | ४ | १ | १ | १ | | १* | | ८ |
| ४ | गण्डकी | १५ | ४ | ३ | ३ | १ | १ | १ | २८ |
| ५ | लुम्बिनी | ४ | १ | १ | १ | | | | ७ |
| ६ | कर्णाली | ५ | १+१*=२ | १ | १ | १ | | | १० |
| ७ | सुदूरपश्चिम | १ | १ | | | | | | २ |
| | जम्मा | ४३ | १६ | ९ | ८ | ३ | ३ | १ | ८३ |

| विषय:(०४) विज्ञान | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | किसिम/समावेशी समूह र विज्ञापन नं. | | | | | | | |
| क्र.स. | प्रदेश | खुला | महिला | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
| | | ३०१०४/ ८२/८३ | ३०२०४/ ८२/८३ | ३०५०४/ ८२/८३ | ३०६०४/ ८२/८३ | ३०७०४/ ८२/८३ | ३०८०४/ ८२/८३ | ३०९०४/ ८२/८३ | |
| १ | कोशी | २० | ५ | ४ | ४ | १+१*=२ | १ | १ | ३७ |
| २ | मधेश | ६ | १+१*=२ | १ | १ | १ | | | ११ |
| ३ | वागमती | १३ | ३ | ३ | २ | १ | १ | | २३ |
| ४ | गण्डकी | १४ | ४ | ३ | ३+१*=४ | १ | १ | | २७ |
| ५ | लुम्बिनी | ४ | १ | १ | १ | | | | ७ |
| ६ | कर्णाली | २ | १ | १ | | | | | ४ |
| ७ | सुदूरपश्चिम | २ | १ | १ | | | | | ४ |
| | जम्मा | ६१ | १७ | १४ | १२ | ५ | ३ | १ | ११३ |

उपसचिव

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

| विषय:(०५) सामाजिक अध्ययन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | किसिम/समावेशी समूह र विज्ञापन नं. | | | | | | |
| क्र.स. | प्रदेश | खुला | महिला | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | अपाङ्गता | जम्मा पद सङ्ख्या |
| | | ३०१०५/ ८२/८३ | ३०२०५/ ८२/८३ | ३०५०५/ ८२/८३ | ३०६०५/ ८२/८३ | ३०७०५/ ८२/८३ | ३०८०५/ ८२/८३ | |
| १ | कोशी | ११ | ३ | २ | २ | १ | १ | २० |
| २ | मधेश | ३ | १ | १ | | | | ५ |
| ३ | बागमती | २ | १ | | | | | ३ |
| ४ | गण्डकी | ८ | २ | २ | २ | १ | | १५ |
| ५ | लुम्बिनी | ४ | १ | १ | १ | १ | | ८ |
| ६ | कर्णाली | ३ | १ | १ | १ | | | ६ |
| ७ | सुदूरपश्चिम | १ | | | | | | १ |
| | जम्मा | ३२ | ९ | ७ | ६ | ३ | १ | ५८ |

| विषय:(१२) कार्यालय सञ्चालन तथा लेखा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | किसिम/समावेशी समूह र विज्ञापन नं. | | | | | |
| क्र.स. | प्रदेश | खुला | महिला | आदिवासी/ जनजाति | तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय | दलित | जम्मा पद सङ्ख्या |
| | | ३०११२/ ८२/८३ | ३०२१२/ ८२/८३ | ३०३१२/ ८२/८३ | ३०४१२/ ८२/८३ | ३०५१२/ ८२/८२ | |
| १ | मधेश | १ | | | | | १ |
| २ | बागमती | ५ | १ | १ | १ | १ | ९ |
| ३ | लुम्बिनी | १ | १ | | | | २ |
| ४ | सुदूरपश्चिम | १ | | | | | १ |
| | जम्मा | ८ | २ | १ | १ | १ | १३ |

| विषय: (१५) स्वास्थ्य तथा शारीरिक शिक्षा | | | |
|---|---|---|---|
| क्र.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन नं. | जम्मा पद सङ्ख्या |
| | | खुला | |
| | | ३०११५/ ८२/८३ | |
| १ | कर्णाली | १ | १ |
| | जम्मा | १ | १ |

| विषय: (२४) कम्प्युटर विज्ञान | | | | |
|---|---|---|---|---|
| क्र.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन नं. | | जम्मा पद सङ्ख्या |
| | | खुला | महिला | |
| | | ३०१२४/ ८२/८३ | ३०२२४/ ८२/८३ | |
| १ | मधेश | २ | १ | ३ |
| २ | गण्डकी | १ | १ | २ |
| | जम्मा | ३ | २ | ५ |

उपसचिव

| विषय: (१८) शुक्लयजुर्वेद | | | | |
|---|---|---|---|---|
| क्र.स. | प्रदेश | किसिम समावेशी समूह र विज्ञापन नं. | | |
| | | खुला | महिला | जम्मा पद सङ्ख्या |
| | | ३०११८/८२/८३ | ३०२१८/८२/८३ | |
| १ | गण्डकी | १ | १* | २ |
| जम्मा | | १ | १ | २ |

| विषय: (२०) संस्कृत व्याकरण | | | |
|---|---|---|---|
| क्र.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन नं. | जम्मा पद सङ्ख्या |
| | | खुला | |
| | | ३०१२०/८२/८३ | |
| १ | कोशी | १ | १ |
| २ | मधेश | १ | १ |
| | जम्मा | २ | २ |

| विषय: (२३) सिद्धान्त ज्योतिष | | | |
|---|---|---|---|
| क्र.स. | प्रदेश | समावेशीसमूह र विज्ञापन नं. | जम्मा पद सङ्ख्या |
| | | खुला | |
| | | ३०१२३/८२/८३ | |
| १ | बागमती | १ | १ |
| | जम्मा | १ | १ |

| विषय: (३७) फलित ज्योतिष | | | |
|---|---|---|---|
| क्र.स. | प्रदेश | किसिम/समावेशी समूह र विज्ञापन नं. | जम्मा पद सङ्ख्या |
| | | खुला | |
| | | ३०१३७/८२/८३ | |
| १ | कोशी | १ | १ |
| | जम्मा | १ | १ |

**१. परीक्षाको किसिम :** (क) लिखित परीक्षा (सामान्य र विषयगत)
(ख) अन्तर्वार्ता

**२. परीक्षा सञ्चालन:**

(क) लिखित परीक्षा (सामान्य) सञ्चालन हुने मिति र समय: २०८३/०१/०५ गते शनिबार अपरान्ह १:०० बजे।

(ख) लिखित परीक्षा (विषयगत) को मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिने छ।

(ग) अन्तर्वार्ता हुने मिति, समय र स्थान लिखित परीक्षा (विषयगत) को नतिजा प्रकाशन हुँदा तोकिने छ।

**३. परीक्षा केन्द्र:**

कोशी प्रदेशको मोरङ, मधेश प्रदेशको धनुषा, बागमती प्रदेशको मकवानपुर, गण्डकी प्रदेशको कास्की,लुम्बिनी प्रदेशको दाङ, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा परीक्षा सञ्चालन हुने छ। सबै परीक्षार्थीहरूको सङ्ख्याको आधारमा आयोगले अन्य जिल्लामा समेत परीक्षा केन्द्र तोक्न सक्ने छ। अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिने छ।

**४. दरखास्त दस्तुर:** रु. १,०००/ (प्रत्येक समावेशी समूहका लागि थप रु. ६००/-का दरले) बुझाउनुपर्ने छ।

**५. दरखास्त दिने अन्तिम मिति:** २०८२/११/०३ गते राति ११:५९ बजेसम्म।

**६ दोब्बर दस्तुर बुझाई दरखास्त दिने मिति:** २०८२/११/१० गते राति ११:५९ बजेसम्म।

**७. उम्मेद्वारको उमेरको हद:** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष (मिति २०६४।११।०३ गतेसम्म जन्मभएकाले मात्र) उमेर पूरा भई ४० वर्ष ननाघेको। तर बहालवाला स्थायी शिक्षकको हकमा उमेरको हद लाग्ने छैन।

**८. दरखास्त पेस गर्ने माध्यम:**

विज्ञापन भएको पदमा अनलाइन दरखास्त प्रणालीमार्फत् दरखास्त दिनुपर्ने छ । आयोगको आधिकारिक वेबसाइट https://online.tsc.gov.np/ मा Click गरी अनलाइन दरखास्त प्रणालीमार्फत् दरखास्त पेस गर्न सकिने छ र दरखास्त पेस गर्ने विधिसम्बन्धी विस्तृत जानकारी आयोगको अनलाइन पोर्टलमा रहेको प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिने छ।

**९. दरखास्त दस्तुर बुझाउने बैंक र विधि:**

आयोगको अनलाइन दरखास्त प्रणालीबाट फाराम **submit** गर्नुपर्ने छ। फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भएको त छैन ? एक पटक यकिन गर्ने। यकिन गरिसकेपछि दरखास्त पेस गरेको विवरणमा Click गर्ने। दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा सोहीअनुसार विवरण यकिन गर्नुहोस्। त्यसपछि



उपसचिव

आफूले **Apply** गरेको विज्ञापनमा दस्तुर बुझाउन यहाँ क्लिक गर्नुहोस मा **Click** गर्ने । बैंक **Option** मा राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडमध्ये कुनै एक **Option** छनोट गर्ने । बैंक छनोट गरिसकेपछि भौचर प्राप्त गर्नुहोस मा **Click** गर्ने । त्यसपछि भौचर प्रिन्ट गरी सोही भौचरसहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्ने छ । **Online payment** गर्नेको हकमा भौचर जेनेरेट भएपछि त्यस **Page** मा अनलाइन भुक्तानी गर्नुहोस मा **Click** गर्ने । रकम भुक्तानी गर्ने विकल्पहरूमध्ये पोर्टलमा भएका कुनै एक विकल्पको लोगो छनोट गरी **Click** गर्ने । तत्पश्चात् रकम भुक्तानी गर्नुहोस् मा **Click** गर्ने । त्यसपछि छनोट गरिएको digital wallet को Username and password हाली **Online Payment** मा तोकिएको रकम दाखिला गर्ने । रकम दाखिला भए नभएको यकिन गरी रकम दाखिला (**Payment**) को सत्यापन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो भनी सुनिश्चित हुने । प्रवेश पत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्ने छ । यसका लागि **आफ्नो इमेल, उम्मेद्‌वार सङ्केत नम्बर र पासवर्ड सुरक्षित** साथ राख्नुहोस् । साथै **आवेदकले शिक्षक सेवा आयोगको अनलाइन आवेदन गर्ने प्रणालीमा आफ्नो प्रोफाइल लगइन (Login) गरेर त्यसमा समावेश भएको भुक्तानीको माध्यमबाट मात्र भुक्तानी गर्नुपर्ने छ ।**

**१०. दरखास्त दस्तुर बुझाउने अवधि:-**

दरखास्त दिने अन्तिम मिति २०८२/११/०३ गते राति ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी सोको भोलिपल्ट मिति २०८२/११/०४ गते बैंकिङ्क कारोवार हुने समयभित्र र **दोब्बर दस्तुर तिरी दरखास्त पेस गर्नेको हकमा** मिति २०८२/११/१० गते राति ११:५९ बजेभित्र राजश्व सूचना प्रणालीबाट सृजित भौचर प्रिन्ट गरी सो को भोलिपल्ट २०८२/११/११ गते बैंकिङ्क कारोवार हुने समयभित्र भौचरमा उल्लिखित दस्तुर अनिवार्य रूपमा बुझाइसक्नुपर्ने छ । तर उक्त दिन (मिति २०८२/११/०४ र मिति २०८२/११/११ गते) सार्वजनिक बिदा (सङ्घीय/नेपाल राज्यभर) परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिने छ ।

**११. उम्मेद्‌वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :-**

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा **(कम्तीमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर)** उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।तर अङ्ग्रेजी, गणित, विज्ञान, कार्यालय सञ्चालन तथा लेखा र कम्प्युटर विज्ञान विषयको हकमा तालिम नलिए पनि यस विज्ञापनबमोजिम स्नातक तह उत्तीर्ण व्यक्ति शिक्षक पदका लागि उम्मेद्‌वार हुन सक्ने छन् ।

(घ) सामाजिक अध्ययन विषयअन्तर्गत शिक्षाशास्त्रमा सामाजिक अध्ययन विषयमा स्नातक उत्तीर्ण वा अर्थशास्त्र, इतिहास, ग्रामीण विकास, भूगोल, नागरिकशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान, मानवशास्त्र, वातावरण शिक्षा, स्वास्थ्य शिक्षा, शारीरिक शिक्षा, संस्कृति, समाजशास्त्र, जनसङ्ख्या शिक्षा, र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरू लिई स्नातक तह उत्तीर्ण गरेका व्यक्ति उम्मेद्‌वार हुन सक्ने छन् ।

(ङ) माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

(च) समान तहको शिक्षक पदमा उम्मेद्‌वार हुन पाइने छैन ।

१२. शिक्षा (आठौं संशोधन) ऐन,२०७३ को दफा ३९ को उपदफा (३) को प्रयोजनका लागि यस विज्ञापनलाई पहिलो विज्ञापन मानिने छैन ।

**१३. अपलोड गर्नुपर्ने कागजातहरु:-**

नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र र समकक्षता प्रमाणपत्र (बिदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा jpeg/jpg format (**बढीमा 200 KB** ) मा upload गर्नुपर्ने छ । दरखास्तमा उल्लेख गरेको विवरण र पेस गरिएका कागजातका सम्बन्धमा उम्मेद्‌वार स्वयम् नै पूर्ण जवाफदेही हुनुपर्ने छ । उल्लिखित विवरण एवम् कागजात झुठ्ठा ठहरेमा वा तोकिएको कागजात पेस नगरेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुने छ ।

**१४. समावेशीतर्फका उम्मेद्‌वारहरुले पेस गर्नुपर्ने थप कागजातहरु:-**

(क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात ।



उपसचिव

(ख) तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायको सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित गरेको कागजात र त्यसरी नतोकिएको भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित गरेको कागजात।

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थर भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात।

(घ) अपाङ्गताको हकमा समाज कल्याण परिषद् वा सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गताको वर्गीकरण खुलेको प्रमाणित परिचयपत्र।

(ङ) पिछडिएको क्षेत्रको सम्बन्धमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ,बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट दरखास्त दिंदाको बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको हो भनी प्रमाणित भएको कागजात।

**१५. विज्ञापनसम्बन्धी थप जानकारीः-**

(क) यस विज्ञापनको प्रतिस्पर्धा र छनोट प्रदेशस्तरमा हुने छ।

(ख) लिखित परीक्षा एकै दिन एकै समयमा सबै प्रदेशमा हुने हुँदा कुनै पनि उम्मेद्वारले एक प्रदेश र एक विषयमा मात्र दरखास्त फाराम भर्न सक्नेछ। यदि सो नगरेको कारणले दरखास्त फाराम अस्वीकृत हुन गएमा उम्मेद्वार स्वयम् जवाफदेही र जिम्मेवार हुने छन्।

(ग) एउटै परीक्षामार्फत खुला र समावेशी समूहहरूको उम्मेद्वार छनोट गरिने छ।

(घ) आदिवासी/जनजाति, तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसंख्यक मुसलमान वा दलित समूहबाट उम्मेद्वार हुने व्यक्तिले कुनै एक समुदायको उम्मेद्वारको रूपमा मात्र प्रतिस्पर्धा गर्न सक्ने छ। तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन।

(ङ) परीक्षाको माध्यमका सम्बन्धमा भाषा विषय सम्बन्धित भाषामा र अन्य विषयको परीक्षाको माध्यम अङ्ग्रेजी वा नेपाली भाषामा हुने छ।

(च) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन।

(छ) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको वा कुनै सर्त राखिएको दरखास्त स्वीकृत गरिने छैन।

(ज) कुनै उम्मेद्वारले झुट्टा विवरण (कागजात) पेस गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेद्वारको दरखास्त जुनसुकै बखत रद्द गरी प्रचलित कानुनबमोजिम कारवाही गरिने छ।

(झ) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यूनदृष्टि र दुबै हात नचल्ने) उम्मेद्वारले सहयोगी लेखक माग गरेमा सम्बन्धित तहका लागि तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनिको योग्यता भएको व्यक्तिलाई सहयोगी लेखकको रूपमा परीक्षामा बस्न परीक्षा केन्द्र रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले अनुमति दिन सक्ने छ। तर शिक्षा विषय लिएर प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण व्यक्तिलाई सहयोगी लेखकका रूपमा राख्न पाइने छैन। यस्तो सहयोगी लेखकले तोकिएको तह एक वर्ष अगाडि मात्र उत्तीर्ण गरेको हुनुपर्ने छ।

(ञ) विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्ने छ।

(ट) कुनै उम्मेद्वारले स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेपश्चात् फरक विषयमा छुट्टै ३०० पूर्णाङ्क लिई परीक्षा उत्तीर्ण गरेकोमा त्यस्ता व्यक्तिले पनि विज्ञापित सम्बन्धित विषयमा उम्मेद्वार हुन सक्ने छन्।

(ठ) लिखित परीक्षा (सामान्य) मा उत्तीर्ण हुने उम्मेद्वार मात्र विषयगत परीक्षामा सहभागी हुन पाउने छन्।

(ड) शिक्षक सेवा आयोगबाट मिति २०८१/०९/२८ को माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको लागि गरिएको विज्ञापनमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ११क. मा उल्लिखित प्रावधानबमोजिम उपयुक्त उम्मेद्वार उपलब्ध हुन नसकेको पदलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त सिट सङ्ख्याको आधारमा स्टार (*) चिन्हद्वारा सङ्केत गरी यो



उपसचिव

विज्ञापनमा समावेश गरिएको छ । साथै, सम्मानित श्री सर्वोच्च अदालतको आदेशबमोजिम ह्रास (ज) क्रमद्वारा सङ्केत भएको कोशी प्रदेशको गणित विषयको खुलातर्फ माग पदसङ्ख्या २ थप गरी विज्ञापन प्रकाशन गरिएको छ ।

(ढ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको प्रयोग गर्नुपर्ने छ । अन्यथा उत्तरपुस्तिका रद्द हुने छ ।

(ण) आयोगको वेबसाइट www.tsc.gov.np/डाउनलोड मा Click गरी पाठ्यक्रम/नमुना प्रश्नपत्र प्राप्त गर्न सकिने छ ।

**सबै उम्मेद्वारहरूलाई सफलताको हार्दिक शुभकामना !**

उपसचिव